आज मिति २०८०/०९/१४ गते शनिवारका दिन यस जिरी नगरकार्यपालिकाको ९५ औं वैठक नगर प्रमुख श्री मित्र बहादुर जिरेलज्यूको अध्यक्षतमा तपसिल बमोजिमको उपस्थितिमा बसी निम्न विषयहरुमा छलफल गरी देहाय बमोजिमको निम्न निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम थर | पद | हस्तक्षर |
|---|---|---|---|
| १ | मित्र बहादुर जिरेल | नगर-प्रमुख | |
| २ | कृष्णमाया बुढाथोकी | नगर उप-प्रमुख | |
| ३ | आङ पासाङ शेर्पा | वडा अध्यक्ष १ नं. वडा | |
| ४ | डिमपल्दे शेर्पा | वडा अध्यक्ष २ नं. वडा | |
| ५ | खेटराज घिमिरे | वडा अध्यक्ष ३ नं. वडा | |
| ६ | पदेमान जिरेल | वडा अध्यक्ष ४ नं. वडा | |
| ७ | नर बहादुर जिरेल | वडा अध्यक्ष ५ नं. वडा | |
| ८ | मरिज बहादुर खड्का | वडा अध्यक्ष ६ नं. वडा | |
| ९ | शान्त नेपाली | वडा अध्यक्ष ७ नं. वडा | |
| १० | कृष्ण कुमार खत्री | वडा अध्यक्ष ८ नं. वडा | |
| ११ | ज्ञानु पाखीन | वडा अध्यक्ष ९ नं. वडा | |
| १२ | डिमुलु शेर्पा | नगरकार्यपालिका सदस्य | |
| १३ | शान्ती कार्की | नगरकार्यपालिका सदस्य | |
| १४ | रोम कुमारी समाल जिरेल | नगरकार्यपालिका सदस्य | |
| १५ | कल्पना जिरेल | नगरकार्यपालिका सदस्य | |
| १६ | सुसा जिरेल | नगरकार्यपालिका सदस्य | |
| १७ | विर बहादुर जिरेल | नगरकार्यपालिका सदस्य | |
| १८ | साङ्गे शेर्पा | नगरकार्यपालिका सदस्य | |
| १९ | पुरुषोत्तम सापकोटा | सदस्य सचिव | |

२०- महेश्वर प्रसाद भण्डारी - लेखा अधिकृत

२१ - मान बहादुर जिरेल - प्रशासन शाखा ([illegible])

२२ - विमल कुमार [illegible] - योजना शाखा

## ९५ औं नगर कार्यपालिका वैठकका निर्णयहरु

**निर्णय नं. १** जिरी नगर कार्यपालिकाको ९४ औं बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे वैठकमा जानकारी गराई समीक्षा गरियो ।

**निर्णय नं. २** यस नगरपालिकाको १३औं नगरसभामा प्रस्तुत गरिने एजेन्डाका विषयमा छलफल गरियो । आ.ब. २०८०/०८१ को स्वीकृत योजनामा संशोधन गर्नुपर्ने विषयहरु ३ दिन भित्र सबै वडाहरुको वडा समितिले निर्णय गरि नगरपालिकामा पठाउने, कानून संशोधन लगायत नगरसभामा पेश गर्नु पर्ने विषयहरु कानून बमोजिमको आवश्यक पूर्व तयारीका कार्यहरु सम्बन्धित शाखा, विषयगत समिति एवंम् सम्वन्धित समितिबाट समयमै सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** जिरी अस्पताल दोलखामा मिति २०८०/०९/१३ गते अस्पतालमा भर्ना भएको विरामीको उपचारको क्रममा स्वास्थ्यकर्मीबाट भएको गंभिर त्रुटी सम्वन्धमा सत्यतत्थ छानविन गर्ने, सम्वन्धित विरामीको स्वास्थ्य सुरक्षाको यथोचित व्यवस्था यस प्रकारका घटना अवका दिनमा दोहरिन नदिन गर्नु पर्ने सावधानी एवम् जिरी अस्पतालको समग्र व्यवस्थापन सुधार समेतका विषयमा सुझाव सहितको प्रतिवेदन यहि मिति २०८० पौष मसान्त भित्र बुझाउने गरी देहाय बमोजिमको छानविन समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक- श्री कृष्णमाया वुढाथोकी - उपप्रमुख

सदस्य- श्री पदेमान जिरेल - सामाजिक विकास समिति संयोजक

सदस्य-श्री खेटराज घिमिरि- वडा अध्यक्ष वडा नं.३

सदस्य- श्री शान्त वहादुर नेपाली- वडा अध्यक्ष वडा नं. ७

सदस्य- श्री केशव प्रसाद दहाल- स्वास्थ्य शाखा प्रमुख

सदस्य सचिव- श्री मान बहादुर जिरेल- प्रशासन शाखा प्रमुख

**निर्णय नं. ४** यस जिरी नगरपालिकाको अनुरोधमा असल मित्र नेपाल र Climb haier International संस्थाबाट यस नगरक्षेत्र भित्रका सामाजिक सुरक्षा भत्ता खाई रहेका जेष्ठ नागरिकहरुलाई फाईवर सिरक वितरण गरी सहयोग गरेकोमा उक्त संस्थाहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** दोलखा महोत्सव २०८० आयोजक संस्थाबाट उक्त महोत्सव संचालन गर्न आर्थिक सहयोग माग गरिएकोमा मेला जात्रा तथा पर्व महोत्सव (३७१) शिर्षकबाट रु. १,००,०००।-(अक्षेरेपी एक लाख रुपैया मात्र) आयोजक संस्था दोलखा उद्योग वाणिज्य संघलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६** हाटडाँडा हुदै सिक्री जाने बाटोको शुरु खण्डको ट्रयाक खोल्न बाँकी रहेको स्थानमा ट्रयाकखोल्न आवश्यक वजेट सहितको कार्यक्रम आगामी नगरसभामा कार्यक्रम समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** चालु आ.व.को प्रदेश सशर्त अनुदान तर्फ पशु प्रवंधन कार्यक्रम वडा नं. ७ कार्यक्रम संचालनको लागि ७ नं. वडा समितिको निर्णय बमोजिमको प्रस्तावित कार्यक्रम स्वीकृत गरी प्रचलित कानून

बमोजिम कार्यक्रम कार्यान्वयन प्रक्रिया अघि बढाउन सम्बन्धित वडा समिति र सम्बन्धित प्राविधिकलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ८** यस नगरपालिकाको देहायका व्यक्तिहरुलाई स्वास्थ्य उपचारको लागि सामाजिक सहायता शीर्षकबाट उपचार सहुलियत सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

| सि.नं | नाम थर | ना.प्र.नं | ठेगाना | रकम |
|---|---|---|---|---|
| १ | सोकमा शेर्पा | १६७१ ५५७, दोलखा | जि.न.पा.१,दोलखा | १०,०००।- |
| २ | सर्कुमा जिरेल | १८६१ २७२, दोलखा | जि.न.पा.६,दोलखा | १०,०००।- |
| ३ | टिका बहादुर बुढाथोकी | ४४४३६, दोलखा | जि.न.पा.१,दोलखा | १०,०००।- |

**निर्णय नं. ९** जिरी नगरपालिकाले चालु आ.व.०८०/०८१ मा लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सञ्चालन गरिने १५ दिने अल्लो प्रशोधन तालिम र ३ महिने अवधिको सिलाई कटाई तालिम संचालन गर्न १/१ जना दक्ष श्रोत व्यक्ति प्रशिक्षकको आवश्यकता परेकोमा १५ दिने अल्लो प्रशोधन तालिमको लागि स्थानीय स्तरमा प्रशिक्षक उपलब्ध हुन नसकेकोले बाहिरबाट प्रशिक्षकको व्यवस्था गर्नु पर्ने भएको, बाहिरबाट प्रशिक्षक लिदा अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ खर्चको मापदण्ड सम्बन्धी निर्णय तथा कार्यविधिको दफा ७.१.१५ को नियम ३ अनुसारको सेवा सुविधा मात्रमा श्रोत व्यक्ति पाउन नसकिने भएको हुँदा उक्त कार्यक्रमका लागि दैनिक रु. २२००।-(दुई हजार दुई सय कर सहित), बास खर्चका लागि दैनिक रु. ५००।-(पाँच सय) र जिरी नगरपालिकासम्म आतेजाते खर्च एक पटक (टिकट बमोजिम भुक्तानी गर्ने) गरि प्रशिक्षकको व्यवस्था गर्ने तथा सिलाई कटाई तालिमको हकमा दैनिक रु. १२००।-(एक हजार दुई सय कर समेत) भुक्तानी गर्ने गरी प्रशिक्षकको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** यस नगरपालिकाको निमन्त्रणमा मित्र राष्ट्र चिनको छोङदु नगरपालिकाको नगरप्रमुखको नेतृत्वमा आएको प्रतिनिधिमण्डलबाट यस जिरी नगरपालिकाको भ्रमण भएकोमा उक्त भ्रमण कार्यक्रममा राजनीतिक दल, जनप्रतिनिधि, बिभिन्न सरकारी कार्यालय, संघ सस्था, संचारकर्मी, सुरक्षाकर्मी नगरपालिका तथा अन्य संघ सस्थाका कर्मचारी लगायत सबै महानुभावहरुमा हार्दिक धन्यबाद व्यक्त गर्दै उक्त कार्यक्रममा भएका देहाय बमोजिमका खर्चहरु अनुमोदन गरी सम्बन्धित व्यक्ति तथा फर्मलाई भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | खर्च शीर्षक | रकम | कर | खुद रकम |
|---|---|---|---|---|
| १ | अतिथीका लागि अवलोकन तथा विभिन्न सामाग्री खरिद | ३४४१५ | ५१७।०० | ३३८९८।०० |
| २ | खाना तथा खाजा | २९१९७६ | ३००।०० | २९१६७६।०० |
| ३ | गाडी भाडा | ४२८०० | ४२८०।०० | ३८५२०।०० |

| | | | | |
|---|---|---|---|---|
| ४ | चिनीया भाषा अनुवादक | ३१००० | ४६५०१०० | २६३५०१०० |
| ५ | बाजा | ७६०० | ७६१०० | ७५२४१०० |
| ६ | फोटो फिचर तथा भिडियो | ३००००। | ४५०० | २५५०० |
| ७ | कार्यालय व्यवस्थापन उद्योग वाणिज्य संघको हल व्यवस्थापन समेत | २८५००० | ३०१०१०० | २८१९९०१०० |
| जम्मा | | ७२२६९१। | १७३३३। | ७०५४५८। |